# नेपाली भाषाका क्रियायोगी तथा प्रकार र प्रयोग सन्दर्भ

**पीताम्बर सापकोटा**

*उपप्राध्यापक, कालिकासंस्कृतविद्यापीठम्*

govindasapkota365@gmail.com

**लेखसार**

*यस लेखमा पदवर्गका विभिन्न नौ प्रकारहरूमध्येको एउटा प्रकारका रूपमा रहेको क्रियायोगी वा क्रियाविशेषण पदलाई अनुसन्धेय विषयका रूपमा लिइएको छ । प्रस्तुत लेखमा क्रियायोगी कस्तो पद हो भन्ने कुराको खोजी गरी तत्सम्बन्धी सैद्धान्तिक अवधारणालाई प्रस्तुत गरिएको छ । तत्पश्चात् वाक्यात्मक संरचनामा प्रयुक्त क्रियाका कार्यव्यापार सम्पन्न हुँदा क्रियायोगीले निर्वाह गर्ने कार्यगत र अर्थगत भूमिका एवम् प्रयोग सन्दर्भका आधारमा यसका प्रकारहरू उल्लेख गर्दै प्रकारअन्तर्गतका प्रत्येक क्रियायोगी अव्यय पदलाई अलग–अलग वाक्यमा उदाहरणसहित प्रस्तुत गरिएको छ । लेखको अन्त्यमा अविकारी वर्गअन्तर्गतको क्रियायोगी वा क्रियाविशेषण पदलाई वाक्यात्मक कार्य घटित हुँदा क्रियाका कार्यव्यापारको स्थान, समय, रीति, परिमाण, परिणाम, साधन, आवृत्ति, कृदन्त प्रत्ययान्त, वाक्यात्मक र सत्यापनीय विशेषता बुझाउने पद हो भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी**

क्रियायोगी, घटित, निर्विभक्तिक, वाक्यान्त,सविभक्तिक ।

## विषय परिचय

नेपाली भाषाका वर्ण, रूप, पद, पदावली, उपवाक्य, वाक्य आदि एकाइहरू रहेका छन् । त्यस्ता एकाइहरूमध्ये रूपभन्दा माथिल्लो र पदावलीभन्दा सानो भाषिक एकाइलाई शब्द भनिन्छ । त्यही शब्द वाक्यमा प्रयोग भएपछि पद बन्दछ । वाक्यमा प्रयोग नभएका भाषिक एकाइ शब्द हुन् भने वाक्यमा प्रयोग भएपछिका शब्द पद हुन् । कोशीय अर्थ रहेको शब्दमा व्याकरणिक सम्बन्ध तङ्खव लागेर रूपायन भएपछि पद बन्दछ (गौतम, २०६७, पृ. १६६) । वाक्यमा पदले विभिन्न कार्य गरेका हुन्छन् । व्याकरणात्मक कार्यका आधारमा पदले वाक्यमा गर्ने कार्यभूमिकालाई लिएर पदलाई दुई (विकारी र अविकारी), तीन (नामिक पद, क्रियापद र अविकारी पद), पाँच (नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय पद) र नौ (नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात) प्रकारमा बाँड्न सकिन्छ अर्थात् वाक्यभित्र नौ प्रकारका पदहरूको उपस्थिति रहेको हुन्छ । यस लेखमा क्रियायोगी वा क्रियाविशेषणलाई नै अध्ययन अनुसन्धानको मुख्य क्षेत्र मानिएको छ ।

क्रियायोगी अविकारी वर्गको शब्द हो । व्याकरणात्मक कोटि (लिङ्ग, वचन, पुरुष, आदर आदि) का आधारमा यसको रूपमा कुनै परिवर्तन नहुने भएकाले यसलाई अरूपायित मानिन्छ । वाक्यात्मक संरचनामा क्रियायोगी क्रियापदको अधीनमा आएको हुन्छ र यसले क्रियासँग सम्बन्धित भएर अर्थबोध गराउने गर्दछ । जस्तै– केटो खुब रोयो । बहिनी राम्ररी नाच्छे । ऊ सधैँ पढ्छ । तिमी हाँसेर बस्यौ । यहाँ पहिलो वाक्यमा ‘खुब’, दोस्रो वाक्यमा ‘राम्ररी’, तेस्रो

वाक्यमा 'सधैँ' र चौथो वाक्यमा 'हाँसेर' शब्दले क्रमशः 'रोयो', 'नाच्छे', 'पढ्छ' र 'बस्यौ' क्रियापदसँग सम्बन्ध राखेर तिनको विशेषता बुझाएका छन् । समापक वा असमापक क्रियासँग साक्षात् सम्बन्ध राख्ने शब्द (पोखरेल, २०४०, पृ. २६०) पद क्रियायोगी हो । क्रियायोगीलाई क्रियाविशेषण पनि भनिन्छ । क्रियाको विशेषता र गुण बुझाउने र त्यसका प्रकार, रूप, स्थान आदिको बोध गराउने शब्द (पोखरेल, पूर्ववत्, पृ.२६०) लाई क्रियाविशेषण भनिन्छ । प्रस्तुत लेखमा क्रियायोगी वा क्रियाविशेषणलाई नै अध्ययन अनुसन्धानको विषय बनाई तिनको प्रयोग सन्दर्भलाई सोदाहरण प्रस्तुत गरिएको छ । कतिपय क्रियायोगीहरूले नामयोगीको समेत काम गर्ने भए तापनि त्यतातर्फको अध्ययनलाई यसमा सीमाङ्कन गरिएको छ । यस लेखमा अव्यय पदको एउटा प्रमुख प्रकारका रूपमा रहेको क्रियायोगी वा क्रियाविशेषण कस्तो पद हो ? यसका प्रमुख प्रकारहरू के–कति छन् ? यसको प्रयोग सन्दर्भ के–कस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित भएर यो लेख तयार गरिएको छ भने माथि उल्लिखित समस्याकेन्द्री अध्ययनबाट क्रियायोगीको परिचय, प्रकार र प्रयोग सन्दर्भलाई उदाहरणबाट पुष्टि गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ ।

प्रस्तुत लेखमा सामग्रीसङ्कलनका लागि पुस्तकालयलाई नै मुख्य रूपमा अवलम्बन गरिएको छ । क्रियायोगीहरूको सङ्कलन र सैद्धान्तिक आधार तयार गर्दा शब्दकोश र विभिन्न विद्वान्हरूका व्याकरणका पुस्तकलाई आधार मानिएको छ भने अध्ययन विश्लेषणका लागि आगमन–निगमन र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

क्रियायोगीका सम्बन्धमा थुप्रै व्याकरणकार तथा भाषाविद्हरूले आ–आफ्ना कृतिहरूमा चर्चा गरेको पाइए तापनि क्रियायोगी र यसका प्रकारअन्तर्गतका शब्दहरूलाई विस्तारपूर्वक समेट्न नसकेको र प्रत्येक क्रियायोगीहरूलाई उदाहरणमार्फत प्रस्तुत गरेको नपाइएको हुनाले प्रस्तुत आलेख औचित्यपूर्ण देखिन्छ ।

क्रियायोगी वा क्रियाविशेषणका बारेमा जान्न चाहने जिज्ञासु पाठक तथा उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरू एवम् शिक्षक वर्गका लागिसमेत यो लेख उपयोगी हुने देखिन्छ ।

## सैद्धान्तिक आधार

क्रियायोगी शब्द 'क्रिया' र 'योगी' यी दुई शब्दबाट निर्मित भएको व्युत्पन्न शब्द हो र यसको सम्बन्ध क्रियापदसँग रहन्छ भन्ने अर्थबोध हुन्छ । सामान्यतः क्रियाका बारेमा केही कुरा बताउने या क्रियाको विशेषता जनाउने त्यस्तो अव्यय वा अविकारी शब्दलाई क्रियायोगी भनिन्छ, जुन वाक्यमा क्रियायौगिकका रूपमा रहेको हुन्छ (श्रेष्ठ, २०५९, पृ.७१) । यस कथनबाट पनि क्रियायोगी क्रियासँग अन्वित हुने र क्रियाको विशेषता प्रकट गर्ने अविकारी वर्गको शब्द हो बुझिन्छ । यसै गरी क्रियाको विशेषता, रीति, स्थिति र परिवेश बुझाउने शब्द क्रियायोगी वा क्रियाविशेषण हो । यसले क्रियाको विशेषता बुझाएको हुन्छ र क्रियापदसँग सोझो सम्बन्ध राखेको हुन्छ (भण्डारी, २०७८, पृ.५२) । क्रियाको विशेषता तथा परिवेश जनाउने शब्दलाई क्रियायोगी भनिन्छ । त्यसैले क्रियायोगीलाई वाक्यमा क्रियाको अधीनस्थ मानिन्छ । क्रियायोगीद्वारा रीति, परिमाण आदि विशेषता र काल स्थान आदि परिवेश बुझिने हुन्छ (अधिकारी, २०६१, पृ.४८) । यसरी हेर्दा वाक्यात्मक संरचनामा क्रियाले व्यक्त गरेको कार्यव्यापार सम्पन्न हुँदा क्रियाको स्थान, समय, रीति, परिमाण, परिवेश, विशेषता आदि बुझाउने शब्द नै क्रियायोगी भएको बुझिन्छ ।
वाक्यमा क्रियायोगीले क्रिया, विशेषण र स्वयम् क्रियायोगीको विशेषता जनाउने (श्रेष्ठ, पूर्ववत्, पृ.७१) कार्य गर्दछ । जस्तै –

क. ऊ बेसरी हाँस्छ । 'हाँस्छ' क्रियाको विशेषता बुझाउने क्रियाविशेषण,

ख. केटी ज्यादै राम्री छन् । 'राम्री' विशेषण शब्दको विशेषता बुझाउने क्रियाविशेषण,

ग. ऊ असाध्यै धेरै बोल्छ । 'धेरै' क्रियाविशेषणको विशेषता बुझाउने क्रियाविशेषण,

क्रियापद र क्रियायोगीको विशेषणका रूपमा आउँदा क्रियायोगी प्रकार्यका दृष्टिले पनि क्रियायोगी नै हुन्छ तर विशेषणको विशेषणका रूपमा आउँदा भने संरचनाका दृष्टिले क्रियायोगी भए पनि कार्यका दृष्टिले विशेषण हुने भएकाले पदवर्गमा यस्ता क्रियायोगीलाई विशेषणअन्तर्गत नै राखिन्छ (पौडेल र अन्य, २०७७, पृ.५१) । वाक्यमा क्रियायोगीले कहाँ, कहिले, कसरी, कति र किन जस्ता प्रश्नको उत्तर दिन्छ । जस्तै–

केटो यहाँ आयो ।

प्राञ्जल भर्खर उठ्यो ।

लक्ष्मण भुसुक्क निदायो ।

श्रद्धा खुब हाँस्छे ।

रञ्जन पढ्न क्याम्पस गयो ।

माथिका उदाहरण वाक्यमा आएका 'यहाँ', 'भर्खर', 'भुसुक्क', 'खुब' र 'पढ्न' क्रियायोगी शब्दहरूले क्रमशः कहाँ, कहिले, कसरी, कति र किन भन्ने प्रश्नको उत्तर दिएका छन् । अतः वाक्यान्तमा प्रश्न गर्दा उत्तरका रूपमा आउने अविकारी वर्गका शब्दलाई क्रियायोगी भनिन्छ ।

वाक्यमा क्रियायोगीको प्रयोग अनिवार्य नभई ऐच्छिक रूपमा हुने गर्दछ । ऐच्छिक रूपमा प्रयोग हुने भएकाले यसले क्रियापदसँग सङ्गति लिएको हुँदैन । जस्तै–

टीका पढ्नमा कमजोर छ ।

हेमलता साँझ आइपुग्छे ।

विष्णुले भोलिका निम्ति पैसा चोरी !

माथिका उदाहरण वाक्यमा आएका 'पढ्नमा', 'बाहिर', 'साँझ' र 'भोलिका निम्ति' पदहरू क्रियायोगी हुन् र तिनलाई वाक्यबाट हटाइदिएमा पनि वाक्यमा संरचना र अर्थमा फरक पर्दैन । जस्तै–

टीका कमजोर छ ।

दिनेश बस्यो ।

हेमलता आइपुग्छे ।

विष्णुले पैसा चोरी ।

कहिलेकाहीँ एउटै वाक्यममा एकभन्दा बढी क्रियायोगीहरू पनि प्रयुक्त हुन

सक्दछन् । जस्तै–

उसले हिजो यहाँ धेरै बोल्यो ।

क्रियायोगीका दुई किसिम छन् – क्रियाविशेषण र क्रियान्वयी (पराजुली, २०८०, पृ.३०) । क्रियापदसँग सम्बन्ध राख्ने अव्यय शब्द नै क्रियान्वयी हो (पौडेल, २०६५,पृ.३६) । जस्तै– भाइ अगाडि गयो । म आज आउँछु । माया काम गर्न लागेकी छन् । यी उदाहरण वाक्यमा प्रयुक्त अगाडि, आज, गर्न क्रियान्वयी क्रियायोगी हुन् ।

क्रियाले व्यक्त गर्ने कार्यव्यापारको विशेषता जनाउने शब्द क्रियाविशेषण(पौडेल, पूर्ववत्, पृ.२६) हुन्छ । राम्ररी, थोरै, फटाफट, छिटो आदि क्रियाविशेषणका उदाहरणहरू हुन् ।

यसप्रकार क्रियायोगी/क्रियाविशेषण क्रियासँग सम्बन्धित भएर वाक्यमा प्रयुक्त हुने अव्ययको एउटा प्रकार हो भन्ने बुझिन्छ । क्रियायोगीसँग सम्बद्ध माथि उल्लिखित सैद्धान्तिक अवधारणामा आधारित भएर तिनको प्रयोग सन्दर्भको अध्ययन गर्नु यस लेखको प्रयोजन रहेको छ ।

## क्रियायोगीका प्रकार र प्रयोग सन्दर्भ

वाक्यमा प्रयोग भएको क्रियापदले एउटा न एउटा कार्यव्यापार पूरा गरेको हुन्छ । क्रियाका कार्यव्यापार सम्पन्न हुँदा क्रियायोगीहरू विभिन्न अर्थगत सन्दर्भ र कार्यका लागि उपयोगी हुन्छन् (अधिकारी, पूर्ववत्, पृ.४९) । क्रियायोगीहरू वाक्यमा के–कस्तो कार्यगत र अर्थगत सन्दर्भमा प्रयुक्त हुन्छन् भन्ने आधारमा यसका विविध प्रकारहरू पनि छुट्टिने गर्दछन् । नेपाली भाषाका बहुप्रचलित क्रियायोगीका विभिन्न प्रयोग सन्दर्भहरूलाई केलाउँदै उदाहरणसहित निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

## समय बुझाउने क्रियायोगी

वाक्यमा क्रियाले बताएको काम पूरा हुँदा कामको समय, काल वा अवधि बुझाउने सन्दर्भमा प्रयोग हुने क्रियायोगीहरू समयबोधक क्रियायोगी हुन् । यस्ता क्रियायोगीहरू वाक्यान्तमा ‘कहिले ?’ भन्ने प्रश्न गरियो भने उत्तरका रूपमा आउने गर्दछन् । यसअन्तर्गत निम्नलिखित अव्यय शब्दहरू पर्दछन् –

अस्ति, हिजो, आज, भोलि, पर्सि, निपर्सि, हिजोआज, आजभोलि, अचेल, आजकल, आघौँ, जब, तब, भर्खर, तुरुन्त, पराघौँ, पोहोर, परार, सधैँ, अघि, पछि, भरे, साँझ, बिहान, दिउँसो, राति, अहिले, उहिले, जहिले, तहिले, कहिले, पहिले, प्रतिदिन, यतिन्जेल, उतिन्जेल, यतिखेर, उतिखेर, यतिबेला, उतिबेला, एकछिन, सालभर, दिनभर, तत्काल, झट्ट, अबेर, अबेला ।

उदाहरण–

| | |
|---|---|
| अस्ति – | अस्ति भर्खर भूकम्प गयो । |
| हिजो – | हिजो प्रचण्ड गर्मी थियो । |
| आज – | आज हावाहुरी चल्ला जस्तो छ । |
| भोलि – | भोलिको नेपाल सुन्दर देखिन्छ । |
| पर्सि – | पर्सिसम्म त भाइ पनि घर आइपुग्छ । |
| निपर्सि – | निपर्सिबाट परीक्षा सुरु हुँदैछ । |
| हिजोआज – | हिजोआज लगातार पानी परिरहेको छ । |
| आजभोलि – | आजभोलि गाउँघरमा प्रशस्त तरकारी फलेको छ । |
| आजकल – | आजकल मानिसहरूले मिहिनेत गर्न छोडेका छन् । |
| पोहोर – | पोहोर साल प्रशस्त वर्षा भएको थियो । |
| परार – | परारबाट सामाजिक सरसफाइप्रति मानिसको सचेतना बढेर गएको पाइन्छ । |
| आघौँ – | आघौँ त हामी पनि विदेश भ्रमण जानेछौँ । |
| पराघौँ – | पराघौँ साल गाउँको मन्दिरको स्वर्णजयन्ती मनाउने रे ! |
| अचेल – | अचेलका केटाकेटीहरू प्रविधिमैत्री वातावरणमा हुर्केका छन् । |

जब – जब साँझ पर्छ तब आमाले तुलसीको मठमा दियो बाल्नुहुन्छ।
तुरुन्त – तिमी तुरुन्त काममा लाग।
सधैँ – सधैँ एकैनास कहाँ हुन्छ र ?
अघि – अघि पछिको कुरा सोचेर बोल्नु बुद्धिमानी हुन्छ सरिता !
भरे – भरे म तिम्रो घर आउने योजनामा छु।
साँझ – साँझको हिमाली सौन्दर्य हेर्नलायक देखिन्छ।
बिहान – बिहानको समयमा हिँडडुल गर्नु स्वास्थ्यका लागि हितकारी हुन्छ।
दिउँसो – दिउँसोको समयमा सुत्नु भनेको रोगलाई निमन्त्रणा गर्नु हो।
राति – राति अबेरसम्म मोबाइल चलाएर बस्दा आँखा कमजोर हुन्छ।
अहिले – अहिले अरूका कुरा सुनिदिने मान्छे ज्यादै कम पाइन्छन् तर उहिले यस्तो थिएन।
प्रतिदिन – प्रतिदिन योगाभ्यास गर्नाले शारीरिक स्फूर्ति र मानसिक शान्ति प्राप्त हुन्छ।
यतिन्जेल – यतिन्जेल तपाईंहरू रेडियो नेपालबाट समाचार सुन्दै हुनुहुन्थ्यो।
एकछिन – घरको काममै आमालाई एकछिन फुर्सद छैन।
सालभर – सालभर रगतपसिना बगाउँदा पनि किसानलाई खान र लगाउन नै धौ–धौ परेको छ।
झट्टै – घरमा बिरामी भएकाले तिमी झट्टै जाऊ।

## स्थान बुझाउने क्रियायोगी

वाक्यमा क्रियाको कार्य सम्पन्न हुँदा आधार वा ठाउँ बुझाउन आउने सन्दर्भमा प्रयुक्त शब्दहरू स्थानगत क्रियायोगी हुन्छन् । यस्ता शब्दहरू 'कहाँ ?' भन्ने प्रश्नको उत्तरमा आउने गर्दछन् । नेपालीका स्थान सन्दर्भित क्रियायोगीहरू निम्नलेखानुसार रहेका छन्–

तल, माथि, मुनि, भित्र, बाहिर, अगाडि, पछाडि, अघिल्तिर, पछिल्तिर, उँभो, उँधो, वर, पर, अघि, पछि, वारि, पारि, वरिपरि, नजिक, टाढा, छेउ, समीप, सँगसँगै, आमनेसामने, सामु, यहाँ, त्यहाँ, यता, उता, जता, त्यता, कता, जतातत्तै, जतासुकै, जहीँतहीँ, जहाँकहीँ आदि।

उदाहरण–

तल – तिमी तल बस।
माथि – स्वर्ग माथि छ(श्रेष्ठ, पूर्ववत्, पृ.७४)।
मुनि – खाट मुनि बिरालो लुकेको छ।
भित्र – मन भित्र विचार छ।
बाहिर – बहिनी बाहिर गएकी छ।
अगाडि – तिमी अगाडि बढ।
पछाडि – उद्देश्य ठुलो भएको मानिसले पछाडि फर्केर हेर्नु हुँदैन।
अघिल्तिर – घर अघिल्तिर खाल्डो छ।
उँभो – बाख्राहरू पाखाको उँभोपट्टि लागे।
वर – केटोले केटीलाई वर आऊ भन्यो।

पर – पर घरको भित्तामा बोर्ड टाँगिएको छ।
पछि – कक्षामा श्रीहरि सधैँ पछि बस्छ।
पारि – हामी मुस्किलले खोला पारि त¥यौँ।
वारि – पौडी खेल्न नजान्नेहरू नदी वारि नै हामीलाई कुरेर बसून्।
नजिक – सानी छोरी मेरो नजिक आउन डराउँछे।
टाढा – श्रमिकहरू टाढाटाढा पुगेर श्रम गर्छन्।
सँगसँगै – अभिभावक सँगसँगै छोराछोरी पनि स्कुल आएका छन्।
आमनेसामने – धेरै समयपछि भारत र पाकिस्तान युद्धभूमिमा आमनेसामने भएका छन्।
सामु – मान्यजनका सामु शिर झुकाउनु ुलाई उत्तम संस्कार मानिन्छ।
जतातते – अचेल जतातते लडाइँकै कुरा चलेछ।
जहाँकहीँ – मनोरमा जहाँकहीँ हुनुहुन्छ, कृपया मञ्चमा आउनुहोला।
यहाँ / त्यहाँ – म यहाँ बस्छु, तिमी त्यहाँ बस।
जता / त्यता – त्यतातिर कहिल्यै जानुहुँदैन जतातिरको सङ्गत राम्रो हुँदैन।
कता – ऊ आज कताबाट आयो
वरिपरि – बगैँचाको वरिपरि पर्खाल छ।
पछिल्तिर – सडक नाटक हेर्दा पछिल्तिर उभिएका मानिसहरूले खासै राम्ररी देख्न पाउँदैनन्।

## रीति बुझाउने क्रियायोगी

रीतिको अर्थ काम गराइको ढङ्ग, तरिका वा प्रक्रिया हो। क्रियाको कार्यव्यापार के–कसरी भएको छ भनेर बुझाउने सन्दर्भमा प्रयोग हुने क्रियायोगीलाई रीति बुझाउने क्रियायोगी भनिन्छ। यस किसिमका क्रियायोगीहरू ‘कसरी ?’ भन्ने प्रश्नको जवाफमा आउने गर्दछन्। नेपाली भाषाका रीतिबोधक क्रियायोगीहरू निम्न छन्–

यसरी, उसरी, जसरी, त्यसरी, कसरी, बिस्तारै, बेसरी, सुस्त, राम्ररी, एक्कासि, झ्वाट्ट, अकस्मात्, मजाले, आनन्दले, मस्तसँग, मस्किँदै, लजाउँदै, सरसर्ती, शान्तसँग, राम्रोसँग, विश्वासपूर्वक, गम्भीरताका साथ, स्वतः, खोच्याउँदै, घिस्रिँदै, सामान्यतः, छिटो, चाँडो, मिहिनेतसाथ, सुटुक्क, लटरम्म, लहलह, टुप्लुक्क, कलकल जस्ता अनुकरणात्मक शब्दहरू।

उदाहरण–

यसरी – यसरी काम गर्दा निकै ढिलो हुन्छ।
जसरी/त्यसरी – जसरी शिक्षकले लेख्न सिकाउनुभयो, त्यसरी लेख्नु राम्रो हुन्छ।
बिस्तारै – चिप्लो बाटोमा विस्तारै हिंड्नुपर्छ।
बेसरी – असिनाले बेसरी चुट्यो।
सुस्त – गग्रेटो बाटोमा पाइला सुस्त चाल्नुपर्छ।
एक्कासि – आज एक्कासि आँधीहुरी चल्यो।
झ्वाट्ट – दुई जनाले रसी तानातान गर्दा झ्वाट्ट चुँडियो।
अकस्मात् – बाटोमा हिंड्दाहिँड्दै अकस्मात् भूकम्पको सङ्केत साइरन बजेकाले उनीहरू रोकिए।

मजाले – आज त उसले मजाले बोल्यो।
मस्किँदै – विपनाको मस्किँदै हिँड्ने बानीले दुःख पाउँछे।
सरसर्ती – जङ्गलको डढेलो सरसर्ती बढेको देखिन्छ।
शान्तसँग – अप्ठ्यारो समयमा शान्तसँग बस्नुपर्छ।
विश्वासपूर्वक – विश्वासपूर्वक भनिएको कुराले श्रोतागण छिट्टै प्रभावित हुन्छन्।
स्वतः – मिहिनेतीले स्वतः मिठो फल पाउँछ।
सुस्तरी – सुस्तरी सास फेर (अधिकारी, पूर्ववत्, पृ.५१)।
खोच्याउँदै – मेरा दाजु खोच्याउँदै हिँड्नुहुन्छ।
घिस्रिँदै – घाइते स्याल घिस्रिँदै दगु¥यो।
सामान्यतः – सामान्यतः आफूले जानेको काम अरूले नसोधे पनि सिकाउनुपर्छ।
मिहिनेतसाथ – सुरेन्द्र जे काम पनि मिहिनेतसाथ गर्छ।
सुटुक्क – चोरले पैसा चोरेर सुटुक्क भाग्यो।
कलकल – जलप्रवाहबाट उत्पन्न कलकल आवाजले मानिसलाई एकाग्र बनाउँछ।
लटरम्म – बोटमा यसपालि लिचि लटरम्म फलेको छ।

## परिमाण बुझाउने क्रियायोगी–

क्रियाका कामको परिमाण वा मात्रा बुझाउने सन्दर्भमा प्रयोग हुने क्रियायोगीहरू यसअन्तर्गत पर्दछन्। वाक्य समाप्ति पछि 'कति ?' भन्ने प्रश्न गरियो भने त्यसको प्रत्युत्तर स्वरूप जे–जति अव्यय शब्दहरू आउँछन्, ती परिमाण बुझाउने क्रियायोगीहरू हुन्। केही परिमाणबोधक क्रियायोगीहरू र तिनका उदाहरण यसप्रकार रहेका छन्–

धेरै, थोरै, पूरै, प्रशस्त, अलिकति, अलिअलि, निकै, साह्रै, ज्यादै, बहुत, खुब, चौपट्ट, बिछट्ट, असाध्य, मनग्य, अत्यन्त, औधि, एकदम, झन, अझ, बिलकुल, मात्र, यति, त्यति, जति, कति, बढी, कम, बेसी, निकै, प्रचुर, पर्याप्त, अति, चौपट्टै, पूर्णतः, अंशतः, पूरापूर, अधिक आदि।

उदाहरण–

धेरै – अवधेश धेरै बोल्छ।
थोरै – विद्यार्थी थोरै सुत्नुपर्छ।
पूरै – झरीमा म पूरै भिजेको थिएँ।
प्रशस्त – गर्मीयाममा पानी प्रशस्त पिउनुपर्छ।
अलिकति – विष अलिकति पनि हानिकारक नै हुन्छ।
अलिअलि – अलिअलि बोल न।
निकै – ऊ निकै हाँस्यो।
साह्रै – विप्लव साह्रै सोझो छ।
ज्यादै – नवजात शिशु ज्यादै रोयो।
बहुत – ऋवानी बहुत मिहिनेती केटी हो।
खुब – दिदी खुब रिसाउनुभएको छ।

| | |
|---|---|
| चौपट्ट – | घनश्याम चौपट्ट काम गर्छ। |
| बिछट्ट – | केटी बिछट्ट राम्री छे। |
| असाध्य – | रामहरि असाध्य बकबके छ। |
| मनग्य – | अजयको आम्दानी मनग्य छ। |
| अत्यन्त – | बिक्रमको जीवन अत्यन्त दुःखपूर्वक बित्यो। |
| औधि – | रीता औधि सहयोगी छन्। |
| एकदम – | यो घर एकदम राम्रो छ। |
| झन – | पानी बिसाउला भनेको त झन दर्कियो। |
| अझ – | तिमीले जीवनमा अझ धेरै प्रगति गर्नुछ। |
| बिलकुल – | केशवको कुरा बिलकुल ठिक हो। |
| मात्र – | सिनेमा हेर्न तिमी मात्र आऊ। |
| जति÷त्यति – | जति मैले भने त्यति उसले सुनेको होला कि नाइँ। |
| बढी – | बढी नबोल। |
| बेसी – | थालमा खाना बेसी नै छ। कम गर्नुहोस् न। |
| निकै – | व्यापारीहरू निकै धूर्त हुन्छन्। |
| पर्याप्त – | उसलाई मैले पर्याप्त माया दिएको छु। |
| अति – | हात्ती अति ढिलो हिँड्छ(श्रेष्ठ, पूर्ववत्, पृ.७४)। |
| पूर्णतः – | नेपाल पूर्णतः भूपरिवेष्ठित देश हो। |
| अधिक – | वैशाली अधिक नाच्छे। |

## कृदन्त क्रियायोगी

धातुका पछाडि ई, एर, तै, दै, तो, दो, ता, दा, न प्रत्यय लागेर बनेका असमापिका क्रियाहरू कृदन्त क्रियायोगी हुन्छन्। जस्तै–

| | |
|---|---|
| ई – | म बिहान उठी नित्यकर्म गरेँ। |
| एर – | उसले पाठ पढेर गृहकार्य लेख्यो। |
| तै – | रोपारहरू खेत रोप्तै छन्। |
| दै – | उनीहरू हाँस्दै काम गर्छन्। |
| तो – | खोक्तो मानिसको छाती घ्यारघ्यार बज्छ। |
| दो – | फुल्दो गुलाबमा किराहरू झुम्मिन्छन्। |
| ता – | कुकुर भुक्ता चोर तर्सिन्छ। |
| दा – | बाटोमा हिँड्दा नजर भुइँतिरै हुनुपर्छ। |
| न – | बोल्न नलिनालाई कसैले सक्तैन। |

## आवृत्ति बुझाउने क्रियायोगी

क्रियासँग प्रत्यक्ष रूपमा आश्रित भई कार्यव्यापारको पटक वा आवृत्ति जनाउने सन्दर्भमा प्रयोग हुने शब्द आवृत्तिबोधक क्रियायोगी हुन्छ । वाक्यमा यो 'कतिपल्ट ?' भन्ने प्रश्नको उत्तरमा आएको देखिन्छ । केही आवृत्तिबोधक क्रियायोगी र तिनका उदाहरणहरूलाई यसप्रकार उल्लेख गरिएको छ–

निरन्तर, तारन्तार, बारम्बार, पटकपटक, हरेक दिन, सधैँजसो, यदाकदा, सधैँ, प्रायः, जहिले पनि, बातैपिच्छे, सदा, प्रतिदिन, लगातार, हरेकबाजि, धेरैजसो आदि ।

उदाहरण–

निरन्तर – हावा निरन्तर चलिरहन्छ ।

तारन्तार – तारन्तारको पखालाले नरहरि लखतरान भएको छ ।

बारम्बार – बारम्बार एउटै कुरा सोचिरहँदा उनी मनोरोगी भएका छन् ।

पटक–पटक – पटक–पटक एउटै तरकारी खाँदा झिझो लाग्ने गर्छ ।

हरेक दिन – सुवर्ण हरेक दिन तलाउको छेउमा गएर घन्टौँसम्म बसिरहन्छन् ।

सधैँजसो – कृष्ण सधैँजसो मन्दिर जाने गर्छ ।

यदाकदा – उनी यदाकदा रक्सी पिउने गर्छन् ।

सधैँ – गैँडा सधैँ एउटै बाटोमा हिँड्छ ।

प्रायः – प्रायः मानिसहरू होहल्ला रुचाउँदैनन् ।

जहिले पनि – विश्रुता जहिले पनि खुसी देखिन्छिन् ।

बातैपिच्छे – सरको बातैपिच्छे 'तपाईंको' भन्ने थेगो सुनेर विद्यार्थीहरू हाँस्छन् ।

सदा – बिहान ४ बजे उठ्नु र राति ९ बजे सुतिसक्नु मालिनीको सदाको दिनचर्या भएको छ ।

प्रतिदिन – गेटपाले प्रतिदिन गेटमा उभिन्छ ।

लगातार – लगातारको थकाइले जीउ शिथिल भएको छ ।

धेरैजसो – धेरैजसो मानिसहरू समयको मूल्य बुझ्दैनन् ।

## कारण बुझाउने क्रियायोगी

क्रियाको कार्यव्यापारले बताएको घटनाको कारण, हेतु, बोध गराउने सन्दर्भमा प्रयोग हुने शब्दलाई कारणबोधक क्रियायोगी भनिन्छ । वाक्यात्मक क्रियाका पछाडि 'किन ?' भन्ने प्रश्न गर्ने हो भने उत्तर दिने काम यसले गर्दछ । नाम वा क्रियापदमा न, ले गर्दा, एकाले, एर कृदन्तीय प्रत्यय लागेका पद, पदावली यसअन्तर्गत पर्दछन् । केही कारण वा हेतु जनाउने क्रियायोगी निम्न छन् –

रिसले, हेर्न, पढ्न, भएकाले, गर्नाले, कमाउन, हुनाले, यसो हुनाले, त्यसो हुनाले, कारण आदि ।

उदाहरणः

हेर्न – ऊ मेला हेर्न देवघाट गयो ।

पढ्न – हामी पढ्न क्याम्पस जान्छौँ ।

भएकाले – बिदा भएकाले जागिरमा जान परेन ।

गर्नाले – मिहिनेत गर्नाले सफल भइन्छ ।

कमाउन – देवेन्द्र पैसा कमाउन विदेश गयो।

हुनाले – पानी परेको हुनाले काम रोकियो।

रिसले – अम्मरबहादुरले रिसले आँखा देखेन।

यसो हुनाले – यसो हुनाले त्यसो हुन सकेन।

कारण – भौगोलिक बनोटका कारण नेपाल पहाडी मुलुकका रूपमा चिनिन्छ। (अधिकारी, पूर्ववत्, पृ.५२)

## परिणाम बुझाउने क्रियायोगी

क्रियाले व्यक्त गरेको कामको परिणति बुझाउने सन्दर्भमा प्रयुक्त शब्दलाई परिणामवाचक क्रियायोगी भनिन्छ। यस्ता केही क्रियायोगी शब्दहरू निम्नबमोजिम छन्–

यसैले, त्यसैले, त्यसकारण, यसर्थ, तसर्थ, अतः, अत एव, फलस्वरूप, फलतः परिणामतः, परिणामस्वरूप।

उदाहरण–

यसैले – हिजो म ज्यादै थाकेको थिएँ, यसैले बिहान चाँडै उठ्न सकिन।

त्यसैले – देवकीलाई उच्च रक्तचाप छ, त्यसैले ऊ औषधी खान्छे।

त्यसकारण – आज जाडो छ, त्यसकारण मैले न्यानो लुगा किनेँ।

यसर्थ – विद्यालयमा वादविवाद प्रतियोगिता छ, यसर्थ कृष्ण कोठामा एक्लै बोलिरहेको सुनिन्छ।

अतः – वनपाखामा चर्को हुरी चल्यो। अतः रुखहरू ढले।

अत एव – जन्म र मृत्यु जीवनका शाश्वत पक्ष हुन्। अतएव बढी चिन्ता गर्नुहुँदैन।

फलस्वरूप – नेपाल बहुजातीय मुलुक हो, फलस्वरूप यसको सामाजिक संरचना विविधतायुक्त देखिन्छ।

परिणामतः – चन्द्रा ज्यादै मेधावी छात्रा थिइन् परिणामतः उनी विश्वविद्यालय परीक्षामा नेपाल प्रथम हुन सफल भइन्।

फलतः – गुरु वा पण्डित भनेका ब्राह्मण वर्ग हुन्। उनीहरू जनसाधारण र राजा महाराजाका गुरु पनि हुन्। फलतः उनीहरूले नेपालको धार्मिक सांस्कृतिक तहमा नेतृत्व प्रदान गरेका छन् (आचार्य, २०७८, पृ.११२)।

## साधन बुझाउने क्रियायोगी

वाक्यमा क्रियाले बताएको कार्यव्यापार सम्पन्न गर्ने सन्दर्भमा साधन वा माध्यम बनेर आउने शब्द साधनबोधक क्रियायोगी हुन्छ। वाक्यान्तमा 'केले', 'केबाट', 'केद्वारा' भनी प्रश्न गर्दा उत्तरका रूपमा आउने शब्दहरू साधनबोधक क्रियायोगी हुन् तर यिनीहरू अव्यय शब्दअन्तर्गत भने पर्दैनन्। यस्ता क्रियायोगीहरू नाम शब्दका पछाडिपट्टि ले, बाट, द्वारा, विना जस्ता विभक्ति वा नामयोगी लागेर प्रयुक्त भएका हुन्छन्। यस्ता केही क्रियायोगीहरू यसप्रकार छन्–

साँचोले, कलमले, लट्ठीले, बसद्वारा, रेडियोबाट, फेसबुकद्वारा, खर्चविना, लात्ताले, डस्टरले, चकले आदि।

उदाहरण–

साँचोले – भाइले साँचोले ताल्चा खोल्यो।

कलमले – उसले कलमले चित्र को¥यो।

लट्ठीले – नीलिमा लट्ठीले टेकेर उकालो चढिन्।

बसद्वारा – यात्रीहरू बसद्वारा यात्रा गर्दछन् ।
रेडियोबाट – मैले रेडियोबाट आजको समाचार सुनेँ ।
फेसबुकद्वारा – उसले फेसबुकद्वारा सबैलाई जन्मदिनको जानकारी गरायो ।
खर्चविना – देवदत्त खर्चविना दाङ पुग्यो ।
लात्ताले – उसले लात्ताले कुल्चेर सर्प मा¥यो ।
चकले – उसले चकले लेख्यो र डस्टरले पुछ्यो ।

## विपरीत बुझाउने क्रियायोगी

विपरीतबोधक क्रियायोगीको प्रयोग विपरीतार्थक संयुक्त वाक्यमा भएको देखिन्छ । 'ए' प्रत्ययान्त कृदन्तीय क्रियाले 'पनि' लिएमा त्यस्ता उपवाक्यले वाक्यमा विपरीत परिस्थिति जनाउने क्रियायोगीको काम गर्छन् (अधिकारी, पूर्ववत्, पृ.५४) । जस्तै–परे पनि, भए पनि, भने तापनि, सम्झाए पनि आदि ।

उदाहरण–
परे पनि – पानी परे पनि माटो हिलो भएन ।
भए पनि – जाडो भए पनि ओढ्ने पाइएन ।
भने तापनि – मैले भाइलाई मिहिनेत गर्न भने तापनि ऊ टेरपुच्छर लगाउँदैन ।
सम्झाए पनि – तिमीले सम्झाए पनि म मान्दिन ।

## वाक्यात्मक क्रियायोगी

वाक्यमा क्रियाको, विशेषणको र क्रियाविशेषणको मात्रै होइन अपितु समग्र वाक्यकै विशेषता जाहेर गर्ने शब्दलाई वाक्यात्मक क्रियायोगी भनिन्छ । केही वाक्यात्मक क्रियायोगीहरू निम्नलिखित छन्–

सामान्यतः, वस्तुतः, सायद, वास्तवमा, सङ्क्षेपमा, साँच्चै, सत्ते, सके, अवश्य, जरुर, स्वभावतः, सौभाग्य आदि ।

उदाहरण–
सामान्यतः – सामान्यतः नामका पाँच प्रकार छन् ।
वस्तुतः – वस्तुतः ईश्वर एउटै हुन् ।
सायद – सायद ऊ मसित रिसाएको छ ।
वास्तवमा – वास्तवमा नेपाल देवभूमि हो ।
सङ्क्षेपमा – सङ्क्षेपमा भन्नुपर्दा पढ्नु भनेको मानिसको व्यवहारमा परिवर्तन आउनु नै हो ।
साँच्चै – साँच्चै मैले तिम्राबारे नराम्रो कुरा सुनेको छु ।
सत्ते – सत्ते तिमी मेरो विश्वास गर्दैनौ र ?
अवश्य – अवश्य उसले झुटो बोलिरहेको छ ।
जरुर – जरुर उसले बिगार गरेको छ र त मुख अँधेरो बनाएको छ ।
स्वभावतः – स्वभावतः मानिस गुण र अवगुणको भण्डार हो ।
सौभाग्यले – सौभाग्यले गर्दा आज म ठुलो दुर्घटनाबाट बच्न सफल भएँ ।

## सत्यापनीय क्रियायोगी

क्रियाव्यापारको प्रमाणीकरण वा पुष्टीकरणका निमित्त प्रयुक्त हुने क्रियायोगीलाई सत्यापनीय (ढकाल, २०६६, पृ.१६५) क्रियायोगी भनिन्छ । यसअन्तर्गत निम्न पद, पदावली पर्दछन्–

गाई खाने, मरिजाऊँ, पोडेसत्ते, विद्यानास, धरोधर्म, रामोराम(ढकाल, पूर्ववत्, पृ.१६५–१६६), कसम, भगवान् कसम आदि ।

उदाहरण–

गाई खाने – गाई खाने म झुटो बोलेको होइन ।

मरिजाऊँ – तिम्रो मोबाइल मैले लुकाएको भए मरिजाऊँ ।

पोडेसत्ते – पोडेसत्ते मायासित कुरा लुक्दैन ।

विद्यानास – विद्यानास नेपालका नेता सुध्रिँदैनन् ।

धरोधर्म – धरोधर्म सोमबार बजार बन्द हुन्छ ।

कसम – कसम म तिम्रो हितैषी हुँ ।

भगवान् कसम – भगवान् कसम म आफूभन्दा तिमीलाई महङ्खव दिन्छु ।

रामोराम – रामोराम अफिस बन्द भयो(ढकाल, पूर्ववत्, पृ.१६६) ।

## निष्कर्ष

भाषाका विविध एकाइहरूमध्ये पद एउटा प्रकार हो । वाक्यमा प्रयुक्त हुनुपूर्व शब्दका रूपमा रहेको शब्दले कोशीय अर्थ मात्र बुझाउँछ भने त्यही शब्द वाक्यमा प्रयुक्त भएपछि पद बन्दछ । पदले कोशीय अर्थका साथै व्याकरणिक अर्थ पनि बुझाउँछ । वाक्यात्मक कार्यभूमिकाका आधारमा पदका नौ प्रकार हुन्छन् । क्रियायोगी वा क्रियाविशेषण पद अव्ययको एउटा प्रमुख प्रकार हो ।

क्रियायोगी 'क्रिया' र 'योगी' यी दुई शब्दको मेलबाट बनेको शब्द हो तर यसले क्रियापदसँग जोडिएर लेखिन्छ भन्ने तात्पर्य नबुझाएर अर्थ र कार्यभूमिकाका आधारमा क्रियासँग अन्वित हुन्छ भन्ने अर्थबोध गराउँदछ । क्रियासँग सम्बन्धित भएर क्रियाका कार्यव्यापार सम्पन्न हुँदा स्थान, समय, रीति, परिमाण, परिवेश आदि अर्थ बुझाउने शब्द नै क्रियायोगी हो । यसले क्रियाको मात्र नभएर विशेषण र स्वयम् क्रियाविशेषणको समेत अर्थ बुझाउँछ । सामान्यतः क्रियायोगी 'कहाँ', 'कहिले', 'कसरी', 'कति', र 'किन' जस्ता पाँचओटा प्रश्नहरूको उत्तरका रूपमा आउने गर्दछ । वाक्यात्मक संरचनामा क्रियायोगीको प्रयोग अनिवार्य नभई ऐच्छिक घटकका रूपमा भएको हुन्छ भने एउटै वाक्यमा एकभन्दा बढी क्रियायोगीहरू पनि प्रयुक्त हुन सक्दछन् ।

यस लेखमा क्रियायोगी वा क्रियाविशेषणहरू वाक्यमा के–कस्तो सन्दर्भमा प्रयोग हुन्छन् भनेर केलाइएको छ र यसै आधारमा क्रियायोगीलाई विभिन्न प्रकारमा विभक्त गरी सोदाहरण प्रस्तुत गरिएको छ । यस क्रममा यस लेखमा नेपाली भाषाका बहुप्रचलित क्रियायोगीहरूलाई प्रयोग सन्दर्भका आधारमामा ठाउँ बुझाउने, समय बुझाउने, रीति बुझाउने, परिमाण बुझाउने, साधन बुझाउने, आवृत्ति बुझाउने, कारण बुझाउने अनि कृदन्त, वाक्यात्मक र सत्यापनीय गरी दशओटा प्रकारमा प्रस्तुत गरी तिनको परिचय र उदाहरणसमेत दिइएको छ । कतिपय क्रियायोगीहरू नामयोगीका रूपमा पनि प्रयोग हुने गर्दछन् तर यस लेखमा क्रियायोगीले लिने भिन्न पदवर्गीय भूमिकातर्फको अध्ययनलाई सीमाङ्कन गरिएको छ । रूपायनका दृष्टिले नाम, सर्वनाम, विशेषण र क्रियापदले जस्तो क्रियायोगीले आफ्नो रूपमा

 ISSN:- 3021-9388

विकार वा परिवर्तन ल्याउँदैन अर्थात् व्याकरणिक कोटिका आधार रूपायन नहुने अविकारी वर्गको शब्दका रूपमा क्रियायोगी रहेको हुन्छ । क्रियासँग सम्बन्धित भएर क्रियाका कामको स्थान, समय, तरिका, परिमाण आदि बोध गराउने क्रियायोगीका बारेमा जिज्ञासा राख्ने जिज्ञासु अध्येताहरूका निमित्त यो लेख निकै नै उपयोगी हुने विश्वास लिइएको छ ।

## सन्दर्भग्रन्थसूची

अधिकारी, हेमाङ्गराज (२०६१), समसामयिक नेपाली व्याकरण, दो. संस्कः, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, व्रतराज र घिमिरे, गणेशप्रसाद (२०७८), पूर्वआधुनिक नेपाली साहित्य, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, देवीप्रसाद र अन्य (२०६७), सामान्य भाषाविज्ञान, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

ढकाल, शान्तिप्रसाद (२०६६), सामान्य भाषाविज्ञान, चौ.संस्कः, काठमाडौं : शुभकामना प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०८०), राम्रो रचना मीठो नेपाली, तीसौँ संस्कः, ललितपुर मेला बुक्स ।

पोखरेल, बालकृष्ण र अन्य (२०५०), नेपाली बृहत् शब्दकोश, दो. संस्कः, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, नेत्रप्रसाद र खनाल गणेशप्रसाद (२०६५), नवीन नेपाली व्याकरण, चौःसंस्कः, काठमाण्डौः पैरवी प्रकाशन ।

पौडेल, हेमनाथ र अन्य (२०७०), प्रज्ञा नेपाली शैक्षणिक व्याकरण, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, महेन्द्र (२०७८), अनिवार्य नेपाली, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५९), नेपाली व्याकरणः केही पक्षहरूको सरलीकृत चर्चा, ललितपुरः साझा प्रकाशन ।